# तीनपाटन गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
लाम्पनटार, सिन्धुली
बागमती प्रदेश, नेपाल

# सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मितिः-२०७८/०१/२९)

यस तीनपाटन गाउँपालिकाको आ.व. ०७७/७८ को स्वीकृत बजेट अन्तर्गत तपशिलका कार्यहरु निर्माण तथा खरिद गर्नुपर्ने भएकाले इजाजत प्राप्त निर्माण व्यवसायी वा सम्बन्धित फर्म कम्पनीबाट निम्न शर्तहरुको अधीनमा रही रितपूर्वकको छुट्टा-छुट्टै बोलपत्र आव्हान गरिएको छ ।

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६औं दिनको कार्यालय समय भित्र नवीकरण गरेको इजाजत पत्र मूल्य अभिवृद्दि कर दर्ता प्रमाण पत्र, स्थायी लेखा नं. (PAN) लिएको प्रमाण पत्र, आयकर दर्ता प्रमाण पत्र, आ.व. ०७६/७७ को करचुक्ता प्रमाणपत्रहरुको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपिहरु संलग्न गरी रु. १०००/- (एक हजार) पछि फिर्ता नहुने गरी बोलपत्र जमानतको सक्कल भौचर संलग्न राखी bolpatra.gov.np//egp मा E-bidding प्रक्रिया मार्फत Online द्वारा बोलपत्र पेश गर्नुपर्नेछ ।

२. बोलपत्र फारमको प्रत्येक महलहरु स्पष्ट रुपमा भरी अधिकार प्राप्त व्यक्तिले सहिछाप गरी सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे सम्म गाउँपालिकाको कार्यालय लाम्पनटार, सिन्धुलीको नाममा सम्बोधन गरी कामको विवरण, बोलपत्रदाताको नाम, ठेगाना र फोन नं. स्पष्ट खुलाई फर्मको छाप लगाई पेश गर्नुपर्नेछ ।

३. म्याद भित्र दर्ता भएका बोलपत्रहरु १६ औं दिनको २:०० बजे यस तीनपाटन गाउँपालिकाको हाता भित्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिमा समेत बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

४. बोलपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन वा खोल्ने दिन सार्वजनीक विदा पर्न गएमा त्यसको लगत्तै भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

५. बोलपत्र फारमको **रकम बैंक अफ् काठमाडौं, तीनपाटन शाखा, चकमके, सिन्धुलीमा रहेको तीनपाटन गाउँपालिकाको आन्तरिक राजश्व खाता नं. ०१८२००००८१४५२४ मा र जमानत वापतको रकम सोहि बैंकमा रहेको तीनपाटन गाउँपालिकाको धरौटी खाता नं. ०१८२००००००१६५२४** मा नगद जम्मा गरेको सक्कलै भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको बोलपत्र जमानत (बिडबण्ड) को सक्कल प्रति पेश गर्नुपर्नेछ । यस्तो जमानत बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट ४५ (पैतालिस) दिनको म्याद र थप ३० (तीस) दिनको अवधि भएको हुनुपर्नेछ ।

६. बोलपत्रदाताले दररेट उल्लेख गर्दा मूल्य अभिवृद्धी बाहेकको रकम उल्लेख गर्नुपर्नेछ । बोलपत्रमा प्रत्येक आइटमको दर अंक र अक्षर दुबैमा स्पष्ट लेखी अधिकार प्राप्त व्यक्तिले सही छाप गरेको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको स्थानमा बोलपत्रदाताको सहिछाप भएको हुनुपर्नेछ ।

७. कुनै शर्त राखी पेश गरेको, सूचनाको शर्त विपरित भएको, उपलब्ध गराइएको बोलपत्र फारममा थपघट गरिएको, रित नपुगेको, म्याद नाघी पेश हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

८. नक्कली कागजात पेश गरी वा मिलेमतो गरी बोलपत्रमा भाग लिएको पाइएमा त्यस्ता बोलपत्रदाताको बोलपत्र रद्द गरी कालोसूचीमा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

९. प्राप्त बोलपत्रहरु पूर्ण वा आंशिक रुपमा स्विकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०. बोलपत्र खरिदकर्ताले सार्वजनिक खरिद कार्यमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहिमा आफ्नो स्वार्थ नबाझिएको, सम्बन्धित पेशा व्यवसायमा कुनै सजाय नपाएको साथै सार्वजनिक खरिद अनुगमन कार्यालयको कालोसूचीमा नपरेको भनी लिखित कबोल गरेको स्वःघोषणापत्र अनिवार्य रुपमा बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

११. बोलपत्रदाताले सम्भावित जोखिम प्रति स्वयम् उत्तरदायी भई सम्बन्धित कार्य गर्नुपर्ने स्थलको सम्पूर्ण पक्षको अग्रिम जानकारी लिइएको मानिनेछ ।

१२. यस सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य विषयको हकमा सार्वजनिक खरिद ऐन, २०६३ (संसोधन सहित), सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

१३. बोलपत्र सम्बन्धि अन्य कुरा बुझ्न परेमा यस कार्यालयको website:- tinpatanmun.gov.np र मोबाइल नं. ९८५१२४५८६४ मा सम्पर्क गर्न सकिनेछ ।

**तपशिलः-**

| क्र.स. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान रकम (प्रोभिजनल सम, भ्याट र कन्टीन्जेन्सी बाहेक) | बोलपत्र जमानत वापतको रकम | बोलपत्र दस्तुर | बोलपत्र मान्य अवधि |
|---|---|---|---|---|---|---|
| १ | TRM/W/SQ/04/2077/78 | Dandagaun Sipali Charghare Khani Chirlingbas Dhapchauki Sadak Starunnati,Tinpatan-3,Sindhuli | ८,४२,५९२/५०- (आठ लाख बयालिस हजार पाँच सय बयानब्बे पैसा पचास मात्र) | २५,०००/- (पच्चिस हजार मात्र) | १०००/- (एक हजार मात्र) | ४५ दिन र थप ३० दिन |
| २ | TRM/W/SQ/05/2077/78 | Construction of Kadame Mahila Sanjal Bhawan | ११,८९,८०२/७९- (एघार लाख उनान्नब्बे हजार आठ सय दुई पैसा उनासी मात्र) | ३५,०००/- (पैतिस हजार मात्र) | १०००/- (एक हजार मात्र) | ४५ दिन र थप ३० दिन |
| ३ | TRM/W/SQ/06/2077/78 | Construction of Ajad Smriti Bhawan,Tinpataan-1,Sindhuli | ११,८९,९७६।- (एघार लाख उनान्नब्बे हजार नौ सय छैहत्तर मात्र) | ३५,०००/- (पैतिस हजार मात्र) | १०००/- (एक हजार मात्र) | ४५ दिन र थप ३० दिन |
| ४ | TRM/W/SQ/07/2077/78 | RCC Building of Puspalal Smriti Bhawan,Tinpatan-11,Sindhuli | १५,२८,९१५/- (पन्ध्र लाख अट्ठाइस हजार नौ सय पन्ध्र मात्र) | ४५,०००/- (पैतालिस हजार मात्र) | १०००/- (एक हजार मात्र) | ४५ दिन र थप ३० दिन |
| ५ | TRM/W/SQ/08/2077/78 | Construction if RCC Building of Red Cross Bhawan, Tinpatan-11,Sindhuli | ११,८९,३६५/७३- (एघार लाख उनान्नब्बे हजार तीन सय पैसट्ठी पैसा त्रिहत्तर मात्र) | ३५,०००/- (पैतिस हजार मात्र) | १०००/- (एक हजार मात्र) | ४५ दिन र थप ३० दिन |
| ६ | TRM/G/SQ/01/2077/78 | Pipe Tatha Cement Kharid,Tinpatan Gaupalika | ९,७५,२८२/४०- (नौ लाख पचहत्तर हजार दुई सय बयासी पैसा चालिस मात्र) | ३०,०००/- (तीस हजार मात्र) | १०००/- (एक हजार मात्र) | ४५ दिन र थप ३० दिन |
| ७ | TRM/G/SQ/02/2077/78 | Tinpatan Gaupalika Surakshiyt Awash Karyakram CGI Sheet Kharid | १३,२१,६०५/००- (तेह्र लाख एक्काइस हजार छ सय पाँच मात्र) | ४०,०००/- (चालिस हजार मात्र) | १०००/- (एक हजार मात्र) | ४५ दिन र थप ३० दिन |

**प्रमुख प्रशासकीय अधिकृत**